का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १९
❒ ५ फागुन २०७६, सोमबार
❒ 17 February 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

### कांग्रेस आँखामा सरकार

# अयोग्य, असफल र अधोगतितर्फ

**कृषि, सडक, विद्युत, प्रविधिदेखि गरिबी परिचयपत्र वितरण सम्मका २ वर्षे लक्ष्यले परिणाम हासिल गर्न नसकेको कांग्रेसको दाबी छ ।**

**बिरेन्द्र साह/संवाददाता**
काठमाडौं, ४ फागुन

प्रमुख पतिपक्षी नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकारको समीक्षा गरेको छ । कांग्रेसले दुई वर्षको समीक्षा गर्दै सरकार अयोग्य र असफल भई अधोगतितर्फ लागेको निष्कर्ष निकालेको हो । कांग्रेसले आइतबार पत्रकार सम्मेलन गरी सरकारको समीक्षा विवरण सार्वजनिक गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यकालको दुई वर्षको समीक्षा गर्दै शनिबार संसदमा सम्बोधन गरेका थिए । त्यसलगत्तै प्रतिपक्षी कांग्रेसले सरकारको समीक्षा सार्वजनिक गरेको हो । कांग्रेसद्वारा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता विश्वप्रकाश शर्माले भने, 'सहज समयको सदुपयोग सरकारले बिल्कुलै गर्न सकेन बरु अधिनायकवाद उन्मुख आकांक्षाका कारण अनुकूल परिस्थितिलाई आफैँले क्रमशः प्रतिकूल बनायो ।'

कांग्रेसद्वारा जारी समीक्षा पत्रमा भनिएको छ, 'नेकपाको नेतृत्वमा सरकार गठन भएको फागनु ३ गते दुई वर्ष पूरा भएको छ । ५ वर्षका लागि म्याण्डेट प्राप्त सरकारको सफलता-असफलता र संभावनाको विश्लेषण गर्न व्यतित चालीस प्रतिशत समयावधि धेरै हदसम्म पर्याप्त छ । यो अवधिमा सरकारका सामु जनअपेक्षा अनुरुप कार्य गर्न मूलतः ३ अनुकूल परिस्थिति थिए । १. शान्ति स्थापना, संविधान निर्माण र तीन तहको निर्वाचनमार्फत मुलुकमा निर्मित तुलनात्मक सहज राजनैतिक वातावरण । २. नेकपासँग रहेको बहुमत एवं संसदमा रहेको तेस्रो दलको सरकारमा सहभागितापछि एक समयसम्म निर्मित दुई तिहाइ । ३. तुलनात्मक रुपले जिम्मेवार र सालिन प्रतिपक्षको उपस्थिति ।'

यस्तो पृष्ठभूमि र परिस्थितिको सरकारले दुई वर्षको अवधिमा दृढ इच्छाशक्ति र नविन गतिका साथ कार्य गर्न सक्दथ्यो तर सहज समयको सदुपयोग सरकारले परिणामुखी ढंगले विल्कुलै गर्न नसकेको कांग्रेसको आरोप छ । बरु अधिनायकवाद उन्मुख आकांक्षाका कारण अनुकूल परिस्थितिलाई स्वयं आफैले क्रमशः प्रतिकूल बनाएको कांग्रेस प्रवक्ता शर्मालेबताए ।

नेकपाको चुनावी घोषणा पत्र र सरकारको कामकारवाही बारे समीक्षा पत्रमा भनिएको छ,'५ वर्षका लागि गठन भएको सरकारको सम्पूर्ण समीक्षा यसको



पूर्ण अवधिमा नै विस्तृत रुपमा गरिने हो । तर चुनावी घोषणापत्रमा १० वर्षे र ५ वर्षे लक्ष्य सँगै दुई कम्युनिस्ट पार्टीको गठबन्धनले १ वर्ष र २ वर्षको निश्चित लक्ष्य र कार्यक्रम पनि प्रस्तुत गरेको थियो । ५ वर्षको पूरा अवधिमा के कति लक्ष्य हासिल गर्ने संभावना छ भन्ने संकेत बुझ्न २ वर्षे लक्ष्यको बेहालतले धेरै प्रष्ट्याउँछ ।'

'प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन ३ गते संसदमा लामै सम्बोधन त गर्नुभयो तर दुई वर्षमा न त द्वन्दपीडितको मुद्दा हल गरिसक्ने लक्ष्य हासिल हुन सक्यो न सीमा व्यवस्थापनको लक्ष्य पूरा भयो। परिमार्जित शिक्षा नीतिको लक्ष्य होस् या तुइन विस्थापनको घोषणा, न भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुर्ननिर्माण न बजार मूल्य न्यून ।' समीक्षा पत्रका उल्लेख गरिएको छ ।

कृषि, सडक, विद्युत, प्रविधिदेखि गरिबी परिचयपत्र वितरण सम्मका २ वर्षे लक्ष्यले परिणाम हासिल गर्ने नसकेको कांग्रेसको दावी छ । कांग्रेसले भनेको छ, 'सरकारको कामको समीक्षा चुनाव मैदानमा वितरित घोषणापत्र र त्यसमा उल्लेखित दुई वर्षे लक्ष्य र कार्यक्रमको जगमा सञ्चार माध्यमहरु सँगै सिंगो देशले गरिरहेकै स्थिति छ। प्रतिपक्षी दलका रुपमा नेपाली कांग्रेस हिजोको घोषणापत्रको आलोकमा आफ्नो कर्मको अनुहार हेर्न सम्माननीय प्रधानमन्त्री एवं उहाँको सरकारलाई अपिल गर्दछ ।' कांग्रेसले विभिन्न कोणबाट सरकारको बाँकी पृष्ठ २ मा

## 'सरकार ढाल्ने षड्यन्त्र'




झापा/मस- प्रधानमन्त्री केपी शर्मा ओलीले आफू नेतृत्वको सरकार ढाल्ने षड्यन्त्र भइरहेको बताएका छन् । झापाको दमकमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विकासको रफ्तार रोक्न एकल बहुमतवाला सरकारलाई पनि ढाल्ने षड्यन्त्र भएको बताए । उनले भने, 'सरकारविरुद्ध विभिन्न शक्ति केन्द्रले षड्यन्त्र गरिरहेको छ । मुलुकको विकासको रफ्तारलाई रोक्न सरकार ढाल्ने क्रियाकलाप जारी छ ।'

सरकार ढाल्ने षड्यन्त्र कस्ले गरेको भन्ने विषयमा ओलीले बोलेनन् । सरकारको दुई वर्ष पूरा भएको एकदिनपछि आइतबार प्रधानमन्त्रीको यस्तो अभिव्यक्ति आएको हो । प्रधानमन्त्री ओलीले षड्यन्त्र रचेको भरमा देश विकासको गति नरोकिने दाबी गरे । उनले आफू ५० वर्षदेखि निरन्तर विभिन्न पक्षसँग लड्दैअघि बढिरहेकाले सरकार विचलित नभइ अघि बढ्ने दृढता व्यक्त गरे । उनले भने, '५० वर्षअघि यहीं जिल्लामा ज्यान हत्केलामा राखेर निरंकुश शासकविरुद्ध लडाइँ सुरु गरेको हुँ । २० वर्ष पञ्चायतविरुद्ध लडें । १४ वर्ष जेल जीवन बिताए । ६ वर्ष भूमिगत हुनुपर्‍यो । १८ वर्ष राजतन्त्रविरुद्ध लड्नुपर्‍यो ।' राजा फालेर मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपनि संघर्ष समाप्त नभएको ओलीको भनाइ थियो । उनले भने, 'अहिले पनि लडिरहेको छु । ४६ वर्षदेखि रोगसँग लडिरहेको छु । त्यसैले मलाई रोग, जनविरोधी, प्रतिक्रियावादीहरूसँग लड्न डर लाग्दैन ।'

प्रधानमन्त्री ओलीले जालझेल गरेर, शक्तिका भरमा बाँकी पृष्ठ २ मा

## विदेशलाई रोजगार गन्तव्य बनाउने बढे

**सरकारले स्वदेशमै रोजगारी सिर्जना गर्न अनेक कार्यक्रम घोषणा गरे पनि चालू आर्थिक वर्षको ६ महिनामा अघिल्लो वर्षभन्दा १८ प्रतिशत बढीले विदेशलाई रोजगार गन्तव्य बनाएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ फागुन

चालू आर्थिक वर्ष ०७६/७७ को ६ महिनामा वैदेशिक रोजगारमा जाने नेपालीको संख्या वृद्धि भएको तथ्यांक राष्ट्र बैंकले सार्वजनिक गरेको छ । सरकारले स्वदेशमा रोजगारी सिर्जना गर्ने बताइरहेका बेला वैदेशिक रोजगारीमा जाने क्रम थप बढेको हो ।

बैंकले संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरणको विभिन्न प्रक्रिया पूरा गरी प्रदान गरिने श्रमस्वीकृतिका आधारमा यसबारे तथ्यांक संकलन गरेको थियो । यस क्रममा चालु आर्थिक वर्षको ६ महिने अवधिमा अघिल्लो वर्षभन्दा १७.७ प्रतिशतले वृद्धि भएको पाइएको छ । अघिल्लो वर्षको सोही अवधिमा वैदेशिक रोजगारीमा जाने कामदारहरूको संख्या ३७.३ प्रतिशतले घटेको थियो ।

पुनः श्रमस्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने घटेको पाइएको छ । अघिल्लो आर्थिक वर्षको ६ महिनामा ४.५ प्रतिशतले बढेको पुन : श्रमस्वीकृति चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भने ०.५ प्रतिशतले मात्र बढेको राष्ट्र बैंकले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारहरूको संख्यामा वृद्धि भएसंगै नेपाल आउने रेमिट्यान्समा पनि सुधारको संकेत देखिएको बैकले जनाएको छ । चालु आर्थिक वर्षको भदौ, असोज र कात्तिकमा घटेको रेमिट्यान्स पुसमा महिनासम्म आइपुग्दा ०.९ प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ । चालु आर्थिक वर्षको ६ महिनाको तथ्यांकमा आधारित समष्टिगत आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी दिँदै राष्ट्र बैंकले यस अवधिमा ४ खर्व ४७ अर्ब २६ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको बताएको छ ।

बैंकले पछिल्ला महिनाहरूमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्यामा वृद्धि हुँदै गएकोले आगामी महिनामा विप्रेषण आप्रवाहमा सुधार भई नेपालको आर्थिक अवस्था सुदृढ हुनसक्ने अनुमान गरेको छ । चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म अघिल्लो वर्षको सोही अवधिको तुलनामा २ दशमलव ३ प्रतिशतले कमी आएर रेमिट्यान्स ३ खर्ब ४ अर्ब ९७ करोड रुपैयाँमात्र भित्रिएको थियो ।

**वैदेशिक रोजगार विशेष**

## भारत हुँदै तेस्रो मुलुक नजान दूतावासको अपिल

काठमाडौं/मस- भारतको नयाँदिल्लिस्थित नेपाली दूतावासले भारत हुँदै तेस्रो मुलुक नजान नेपालीहरूलाई आग्रह गरेको छ । भारत हुँदै तेस्रो मुलुक जान नेपालीलाई रोक लगाइएको स्मरण गराउँदै उसले अनिवार्य रूपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्न पनि सुझाएको छ ।

वैदेशकि रोजगारीका लागि स्थलमार्गबाट भारत हुँदै तेस्रो मुलुक जाने क्रम बढेपछि भारतले रोक लगाएको थियो । यद्यपि, नेपालीहरूले भारतीय विमानस्थल प्रयोग गर्दै आइरहेका छन् । तेस्रो मुलुक जान नेपालीलाई भारतले गरेको आग्रह पालना नभएपछि नयाँ दिल्लीस्थित दूतावासले पुनः त्यसबारे स्मरण गराएको हो ।

भारतीय विमानस्थलमार्फत विदेश जाने नेपालीलाई विमानस्थलमै रोक लगाइने स्मरण गराउँदै दूतावासले भनेको छ, 'भारत हुँदै तेस्रो मुलुक जानका लागि नेपालको अध्यागमन विभागले सम्बन्धित कामदारको राहदानीमा प्रस्थान अनुमतिको छाप लगाएको हुनुपर्ने छ । स्थलमार्गबाट जाने नेपालीको पासपोर्टमा प्रस्थान बाँकी पृष्ठ २ मा

## कुवेतमा ज्यान गुमाउने सबैको सनाखत

काठमाडौं/मस-कुवेतको निर्माणस्थलमा पुरिएर ज्यान गुमाउने सबै नेपालीको सनाखत भएको छ । गत बुधबार कुवेतको अलमुत्ला क्षेत्रमा ढल निर्माणका क्रममा बालुवा र ग्राभेलको थुप्रोमा पुरिएर ६ नेपालीको ज्यान गएको थियो ।

घटनामा सिराहाका गंगाराम चौधरी, पाल्पाका एक बहादुर गाहा, दाङका श्यामनारायण चौधरी र ताप्लेजुङका वसन्त गुरुङसहित ४ जनाको सनाखत भए पनि बाँकीको हुन को हुन् भन्ने खुलेको थिएन । कुवेतस्थित नेपाली दूतावासका अनुसार, ज्यान गुमाउने अन्य दुई नवलपरासीका बाँकी पृष्ठ २ मा

### बालुवाटार काण्ड

## आरोपित पक्रिन बाटो खुल्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ फागुन

बालुवाटार काण्ड अर्थात ललिता निवासको जग्गा हिनामिना प्रकरणका आरोपितहरुलाई पक्राउ गर्ने बाटो खुलेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) मा ललिता निवास प्रकरणका आरोपितविरुद्ध ठगी मुद्दा दर्ता भएसँगै पक्राउको बाटो खुलेको हो । आइतबार सीआईबीले गृहमन्त्रालयको जाहेरी अनुसार औपचारिक रुपमा मुद्दा दर्ता गरेको छ । केहीदिन अघि उक्त प्रकरणका आरोपित विरुद्ध गृह मन्त्रालय अन्तरगतको समरजंग कम्पनीले जग्गा हडप्ने र व्यक्तिका नाममा लालपूर्जा बनाउन भूमिका खेल्ने पूर्व उपप्रधामन्त्री विजयकुमार गच्छदारसहित ४ पूर्वमन्त्री, ३ पूर्वसचिवसहित १ सय ७२ जनामाथि मुलुकी ऐन, २०२० र मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार ठगी र किर्तेको अभियोगमा किटानी जाहेरी दिएको थियो । ललिता निवासको जग्गा सूवर्ण शम्सेर तथा उनका आफन्ताबाट २०२१ सालमा सरकारले मुआब्जा दिएर गृह मन्त्रालयको सरकारी कार्यालय समरजंग कम्पनीको रेखदेख र स्वामित्वमा रहने गरी कायम गरेको थियो ।

सीआईबीका एक अधिकारीले दिएको जानकारी अनुसार जग्गा हत्याउन २०४९ बाँकी पृष्ठ २ मा

## महराको फैसला आज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ फागुन

पूर्वसभामुख कृष्णबहादुर महराको जबर्जस्ती करणी उद्योग सम्बन्धी मुद्दाको फैसला आज (सोमबार) आउने सम्भावना रहेको छ । आइतबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश अम्मरराज पौडेलको इजलासमा भएको सुनुवाइको बहस सकिए पनि समय अभावका कारण अन्तिम फैसला आउन नसकेको हो । फैसला सोमबार आउने जनाइएको छ ।

बलात्कार प्रकरणमा महरा जिल्ला अदालत काठमाडौंको आदेशले कारागार पुगेका हुन् । संसद सचिवालयमा कार्यरत एक महिला कर्मचारीमाथि यौन दुर्व्यवहार गरेको अभियोगमा महरा पुर्पक्षका लागि डिल्लीबजार कारागारमा



छन् । एक महिला कर्मचारीलाई जबर्जस्ती करणी गर्ने प्रयास गरेको आरोपमा पुर्पक्षका लागि थुनामा रहेका महरालाई गत कात्तिक १८ गते जिल्ला न्यायाधीश सुदर्शनराज पाण्डेको इजलासले थुनामा राखी अनुसन्धान अघि बढाउन आदेश जारी गरेको थियो ।

महराले यसअघि आफूलाई जेल पठाउने जिल्ला अदालत काठमाण्डौको फैसलाविरूद्ध पाटन उच्च अदालतमा निवेदन दिएका थिए । उच्च अदालतले भने जिल्ला अदालतको फैसलालाई सदर गर्दै एक महिनाभित्र मुद्दाको टुंगो लगाउन आदेश दिएको थियो । महराविरुद्ध गएको कात्तिक १४ गते जिल्ला अदालत काठमाण्डौमा मुद्दा दायर भएको थियो । महराविरुद्ध बलात्कार प्रयासमा पाँच वर्ष र विशिष्ट व्यक्ति भएकाले थप साढे दुई वर्ष गरी साढे सात वर्षसम्मको कैद सजाय माग गरिएको छ । बलात्कार प्रयासको आरोपमा गत असोज १९ गते प्रहरीले अभियुक्तलाई पक्राउ गरी अनुसन्धान शुरु गरेको थियो ।

७० औं राष्ट्रिय प्रजातन्त्र दिवस उपत्यका भित्र सैनिक मञ्चमा र उपत्यका बाहिर प्रदेश, जिल्ला र स्थानीय तहहरूले आयोजना गर्ने कार्यक्रममा सहभागी भई भव्य रूपमा मनाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

UAE मा रोजगार | कम्पनी: POWER CLEANING SERVICES AND BUILDING MAINTENANCE L.L.C शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/०४ चलानी नं.: ६०१५१८१९ L.T. No.: 232596

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 400 | 75 | स. काममा दक्ष | 900 | २७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अङ्ग्रजी राम्रो सँग बोल्न, लेख्न र पढन सक्ने महिलाहरुले मात्र सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता होटल खुकुरी, इटहरी सुनसरीमा फागुन १२ गते (24 Feb. 2020) मा
मेनपावर कार्यालय ललितपुरमा फागुन १३, १४, १७ र १८ गते (25, 26, 29 Feb. & 1 Mar. 2020) मा
माउण्टेन रिभर भ्यू, दमौली, तनहुँमा फागुन १५ गते (27 Feb. 2020) मा
पोखरा कास्की होटल पोखरामा फागुन १६ गते (28 Feb. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ७७९/०६५/०६६
पुल्चोक, ललितपुर, फोन: ५००९१०८, ५५५००६१, मो.: 9844594767, 9818106406, 9851168772
Email:-gorkhahrs779@gmail.com

## पशुपतिमा शिवरात्रि तयारी

# विशेष पास खारेज, भक्तजनलाई निम्तो दिन "सभायात्रा"

**राजेश्वरी कार्की/मध्यान्ह**
काठमाडौं, ४ फागुन



पशुपति क्षेत्र विकास कोषले शिवरात्रिलगायतका पर्वमा उपलब्ध गराउँदै आएको विशेष पासको व्यवस्था खारेज गरेको छ। मन्दिरमा दर्शनका लागि आउने सबै भक्तजन समान भएकाले विशेष पासको व्यवस्था खारेज गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाका अनुसार, व्यवस्थापनका लागि खटिएका व्यक्तिहरूले समेत यसपटक सहुलियत पाउने छैनन् । परिचयपत्रमार्फत आफ्नो व्यवस्थापन कक्षसम्म पुग्ने सुविधा उनीहरूलाई भए पनि दर्शन गर्ने सुविधा उनीहरूले पाउने छैनन् ।

'सबै भक्तहरू हाम्रो नजरमा समान हुन् । त्यसैले हामीले यो व्यवस्थालाई यसपटकबाट हटाएका छौं,' कोषका कार्यकारी निर्देशक डा. खतिवडाले मध्यान्हसँग भने । कोषले शिवरात्रि, तिजलगायतका पर्वहरूको भीड नियन्त्रणका लागि विगत केही वर्षदेखि विशेष पासको व्यवस्था गर्ने गरेको थियो । तर, यसमा व्यापक विकृति देखिएको थियो । विशेष पासको प्रबन्धलाई लिएर आलोचना बढेपछि कोषले यस वर्षबाट खारेज गरिदिएको हो । योसँगै राज्यका प्रमुख पाँच वरीयताबाहेकका‌ले लाइन लागेरै दर्शन गर्नुपर्ने भएको छ ।

**सहरवासीलाई निम्तो गर्न सभायात्रा**

कोषले आउँदो फागुन ९ गते परेको यस वर्षको शिवरात्रि पर्वको तयारी पनि तीव्र पारेको छ। यसका लागि कोषले शिवरात्रि पूजा मूल आयोजक समिति गठन गरेको छ।

कोषका कार्यकारी निर्देशक डा.खतिवडाका अनुसार, तयारी तीव्र पार्दै ६ गते बिहान ७ बजे सभायात्राको आयोजना गरिएको छ । सहरवासीलाई शिवरात्रिमा निम्ता गर्न कोषले यस्तो यात्रा गर्न लागेको हो ।

सहरबासीलाई निम्ता गर्न सुरु हुने सभायात्रा पशुपतिनाथ गेटबाट सुरु भई तिलगंगा, एयरपोर्ट, तीनकुने, नयाँ बानेश्वर, पुरानो बानेश्वरसम्म पुग्नेछ । त्यहाँबाट गौशाला हुँदै भुवनेश्वरी प्राणगणमा आएर यसलाई समापन गरिने कार्यकारी निर्देशक खतिवडाले मध्यान्हलाई जानकारी दिए । खतिवडाका अनुसार, कोषले २० लाख हाराहारीमा भक्तजन भित्राउने लक्ष्य लिएको छ।

सुरक्षाकर्मी र स्वयंसेवकले दिनेछन् सुरक्षा

पर्वका अवसरमा सुरक्षा व्यवस्था पनि यसपटक कडा पारिएको छ। कोषका अनुसार, हरेक लाइनमा सुरक्षाकर्मी र स्वयसेवक खटाइने छ। दशनार्थीहरूलाई सहजता प्रदान गर्न लाइन व्यवस्थापनलाई विशेष जोड दिइएको कोषले जनाएको छ।

पशुपति क्षेत्र विकास कोष यसको व्यवस्थापन समिति रहनेछ। कोषले पशुपतिको दर्शनका लागि आउने भक्तजन तथा पर्यटकलाई सुरक्षित किसिमले दर्शन गराउन र पर्व व्यस्थापनको लागि समितिले सुरक्षा, स्वास्थ्य, भोजन, आवास, निःशुल्क जुत्ता चप्पल कक्ष, स्वास्थ्य शिविर लगायतका ११ वटा उपसमिति बनाएको कार्यकारी निर्देशक खतिवडाले जानकारी दिए।

शिवरात्रिका दिन मन्दिरका चारै ढोका बिहान ३ बजेदेखि खुल्ला रहनेछन् भने भक्तजनहरूले आफूलाई पायक पर्ने ठाउँबाट प्रवेश गर्न सक्नेछन्। चाबहिलबाट मित्रपार्क र गौरीघाट हुँदै प्रवेश गर्ने भक्तजनका लागि उत्तर ढोकाको व्यवस्था गरिएको छ। जयबागेश्वरीबाट प्रवेश गर्नेले पश्चिम ढोका प्रयोग गर्न सक्नेछन्। एयरपोर्ट, गौशाला, पिंगलस्थान हुँदै सुमारी भवन उमाकाण्ड तर्फबाट आउने भक्तजनहरूका लागि दक्षिण ढोकाबाट प्रवेश गर्ने व्यवस्था कोषले मिलाएको छ।

यसपटक रातको समयमा पनि भक्तजनहरूले सहजै पशुपति दर्शन गर्न पाउनेछन्। जसका लागि सुरक्षा व्यवस्था कडा गरिएको छ। कोषका अनुसार, नेपाल प्रहरीका ४ हजारभन्दा बढी सुरक्षामा खटिने छन्। राष्ट्रिय अनुसन्धान विभागबाट परिचालन हुने सुरक्षाकर्मी सादा पोशाकमा रहनेछन् । यसका अतिरिक्त ५ हजार स्वयंसेवक पनि कोषले परिचालन गर्दैछ।

**भक्तजनलाई खुसी पार्न चन्दन र भोजन**

यसपटक कोषले भक्तजनका लागि चन्दनको व्यवस्था पनि गर्ने भएको छ । सबैको निधारमा चन्दन पुग्न सकोस र दर्शनार्थी सबै दिलखुस हुन् भनेर कोषले यस्तो व्यवस्था गर्न लागेको हो ।

दर्शनार्थीहरूको लागि भोजन, स्वास्थ्य, जलपान गराउन इच्छुक संस्थाहरूको लागि उचित व्यवस्थापन गरिदिएको उनले बताए । उनले भने, 'आउने व्यक्तिहरू कोही पनि भोका नरहुन, उचित प्रकारका प्रबन्ध होस भन्ने तरिका अपनाएका छौं । शौचका लागि ट्वाइलेटको व्यवस्थापन पनि गरिएको छ।

**पशुपति वरिपरि सवारी निषेध**

भक्तजनहरूको चापलाई मध्यनजर गरी एयरपोर्ट, गौशाला, बानेश्वर, मित्रपार्कदेखि सवार ीसाधनमा निषेध गरिने छ भने पशुपति क्षेत्र परिसरभित्र पूर्ण रूपमा सवारीसाधन रोक लगाइएको छ । सिफल चौर, मित्रपार्क र नयाँ बानेश्वरलगायत स्थानमा सवारीसाधन पार्किङको व्यवस्था गरिएको छ।

सवारीसाधन पार्किङ व्यवस्था कमजोर भएका कारण काठमाडौं उपत्यकाका भक्तजनहरूलाई हिँडेर आउन खतिवडाले आग्रह गरेका छन् । शिवरात्रिको दिन ट्राफिक व्यवस्था भव्य, सव्य र उचित तरिकाको बनाइने भन्दै कोषले ढुक्क हुन भक्तजनलाई आग्रह गरेको छ।

# नेपाली गीतमा नाचे जापानी कलाकार



**काठमाडौं/मस-** स्टेजमा जापानी कलाकारहरू एकपछि अर्को लहरै उभिए । जापानी भेषभुसामा सजिएका जापानी कलाकार स्टेजमा देखिएपछि धेरैले अड्कल काटे- जापानी गीतमा कलाकारको नृत्य हेर्न पाइने भो। तर, सहभागीहरूको अनुमान केहीबेरमै गलत सावित भयो। नेपाली गीत बजेसँगै जापानी कलाकार कुशल नृत्यसहित कम्मर मर्काइमर्काइ नाचे ।

जापानी राष्ट्रिय दिवसको अवसर पारेर जापानी सूचना केन्द्र, नेपालले आयोजना गरेको कार्यक्रममा जापानी कलाकार नेपाली गीतमा नाचेका हुन् । नेपाल-जापान सांस्कृतिक आदानप्रदान कार्यक्रमअन्तर्गत फागुन



३ गते शनिबार गौशालास्थित नेपाल संगीत विद्यालयको हलमा भएको कार्यक्रममा जापानी नृत्य प्रशिक्षक युको ओकामोतोको नेतृत्वमा आएका कलाकारहरु हावा ओकामोतो मल्ल, हिरामी आबे, मिओ हायासिदा, यु नोगुची, नएलाक कोहारालगायतले नृत्य गरेर दर्शकलाई मनोरञ्जन दिएका थिए।

कार्यक्रम जापानी सूचना केन्द्रका उपाध्यक्ष विष्णप्रसाद तिमिल्सिनाको सभापतित्व तथा गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रीय अध्यक्ष जीतराम लामाको प्रमुख आतिथ्यतामा भएको हो । नेपाल नृत्य निर्देशक संघ, नेपालका केन्द्रीय अध्यक्ष भुवनदास श्रेष्ठ, महिला वातावरण समूहकी अध्यक्ष अञ्जु शाह सिंहलगायतले पनि कार्यक्रममा आतिथ्यता ग्रहण गरेका थिए। कार्यक्रममा स्वागत मन्तव्य जापानी सूचना केन्द्र, नेपालकी सचिव विमला राउत क्षेत्रीले राखेकी थिइन् भने सञ्चालन पाटो मुना कार्कीले सम्हालेकी थिइन्।

कार्यक्रममा गीत संगीटमा योगदान पुऱ्याउने व्यक्तिलाई सम्मानसमेत गरिएको थियो । जापानी नागरिक युको ओकोमोतो, बेटी बज्राचार्य र प्रज्ज्वलरत्न बज्राचार्यलाई सम्मान गरिएको हो । सो सांस्कृतिकमा विभिन्न संघसंस्थादेखि विद्यालयबाट विद्यार्थीलगायत सहभागी बनेका थिए।

# स्थानीय तहलाई क्षमता अभिवृद्धि गर्न सशस्त्रको तालिम

**विराटनगर/रासस-** 'रोग लाग्नुभन्दा रोग लाग्न नदिनु राम्रो' भने जस्तै विपद्बाट जोखिम कम गर्न सशस्त्र प्रहरीको प्रयासमा स्थानीय तहले समर्थन जनाएको छ । आगलागी, बाढी, पहिरो, दुर्घटना, सर्पदङ्श र भूकम्पजस्ता विपद्ले मानिसको ज्यान लिने मात्र नभई समाजलाई नै सखाप पार्ने भएकाले यसबाट बच्न र बचाउन सशस्त्र प्रहरी बल नेपाल नं.३ गण हेडक्वाटर कङ्कालनी मोरङद्वारा स्थानीयवासीलाई विपद् व्यवस्थापन अनुशिक्षण तालीम शुरु गरेको छ।

मोरङको कटहरी गाउँपालिकाबाट शुरु भएको दुई दिने सो तालीम जिल्लाका १७ वटै स्थानीय तहमा जनप्रतिनिधिलाई दिने कार्यक्रम रहेको सशस्त्र प्रहरी उपरीक्षक नेत्रबहादुर कार्कीले जानकारी दिए। तालीमले क्षमता अभिवृद्धि गर्नुका साथै कुनै पनि विपद् आइपरेमा तत्काल उद्धार एवम् राहतमा उनीहरुको सक्रिय सहभागिता हुने र यसबाट जनधनको क्षतिलाई कम गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।

मोरङमा बूढी नदी, बक्रहा, सिङ्गिया र मावालगायतका ठूला नदी छन् भने वर्षात्का मौसममा यी नदीले लाखौंका धनसम्पति नष्ट गर्नुका साथै मानिसको जीवन कष्टकर बनाउने गरेको छ। तत्काल राहत एवम् उद्धारमा सक्रिय हुनुपर्ने सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना पुग्नु अगावै धेरै जनधनको क्षति हुने गरेकाले स्थानीय तहमा नै तालिक दिने र जनधन हानी हुनबाछ बचाउने तालिमको उद्देश्य रहेको छ।

विपद् पूर्वतयारी गर्ने दृष्टिले स्थानीय तह यो तालिम हुनु राम्रो र यसबाट हामीलाई ज्ञान, सीप र क्षमता अभिवृद्धि हुने कटहरी गाउँपालिकाका उपाध्यक्ष मञ्जीताकुमारी सरदारले बताए । दश लाखभन्दा बढी जनसंख्या रहेको मोरङमा विराटनगर महानगरपालिका, बेलबारी नगरपालिकामा आगो नियन्त्रण गर्ने दमकल छ भने सनुवर्षी गाउँपालिका र रङ्गेली नगरपालिकाले संयुक्तरुपमा एक दमकल खरीद गरी वरिपरि हुने आगलागीमा सेवा प्रदान गर्दै आएको छ। सत्र वटा स्थानीय तहमा अहिले पनि १३ वटा स्थानीय तहमा दमकल छैन भने सुख्खा मौसममा हुने आगलागीबाट बचाउन अझै पनि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनालाई समस्या भइरहेको मोरङ प्रहरी उपरीक्षक विश्व अधिकारीले जानकारी दिए।

मोरङका निमित्त प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीले विपद् व्यवस्थापन कार्य सञ्चालन ऐनले प्रत्येक स्थानीय तहका वडाध्यक्षलाई विपद् व्यवस्थापनसम्बन्धी तालीम दिई स्थानीयस्तरमै विपद् व्यवस्थापन समिति बनाउनुपर्ने बताउँदै विपद्मा उनीहरुको भूमिकालाई अझ फराकिलो र कसिलो बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे । कटहरी गाउँपालिकाका अध्यक्ष रामकुमार कामतले विपद्बाट अछुतो नरहेको यो गाउँपालिकामा तालीमले ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गर्दै अगामी दिनमा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्ने जानकारी दिए।

# पूर्वराजा दिल्लीतर्फ



**काठमाडौं/मस-** पूर्वराजा ज्ञानेन्द्र शाह भारतको राजधानी नयाँ दिल्ली प्रस्थान गरेका छन् । पत्नी कोमल शाहसहित दुई साताभन्दा लामो यात्राका लागि शाह त्यसतर्फ प्रस्थान गरेको हो । पूर्वराजाको भारत भ्रमणलाई धार्मिक तथा सामाजिक यात्रामा भनिएको छ ।

आइतबार साँझ विस्तारा एयरलायन्सको विमानबाट शाह दम्पत्ति दिल्ली प्रस्थान गरेको सचिवालयले जनाएको छ। दिल्लीबाट पञ्जावको अमृतसर स्थित शिखहरुको तिर्थस्थलमा दर्शनका लागि उनीहरु त्यसतर्फ प्रस्थान गर्ने सचिवालयले जानकारी दिएको छ । भ्रमण टोलीमा उनकी बहिनी शोभा शाही तथा मोहनबहादुर शाही र केही अन्य निकटका नातेदार पनि रहेका छन्। गोल्डेन टेम्पल दर्शनपछि पुनः दिल्ली फर्कने र केही दिन त्यहाँ बिताएर करिब दुई सातापछि पूर्व राजा नेपाल फर्कने छन्। यसअघि पूर्वराजा शाह झापाबाट पुर्बी भारतको भ्रमण गरेका थिए। करिब दुई सातासम्म उनी पूर्वी भारतमा बिताएका थिए।

# आजदेखि काठमाडौंमा तार भूमिगत गरिँदै

**काठमाडौं/मस-** सरकारले आजदेखि काठमाडौंमा विद्युत वितरण प्रणालीलाई भूमिगत (अन्डरग्राउन्ड) गर्ने भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले महाराजगञ्जबाट तार भूमिगत गर्ने कामको शुभारम्भ गर्ने कार्यक्रम रहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए।

प्राधिकरणले तार भूमिगत गर्न सडक विभागसँग समझदारी गरेको छ। तार भूमिगत गर्न प्राधिकरणले सडक प्रयोग गर्ने र त्यसलाई मर्मत प्राधिकरणले नै गर्नेछ।

प्राधिकरणलाई सुरुमा ५-७ किलोमिटरमा मात्रै काम गर्न अनुमति दिइएको छ। तार भूमिगत गर्नका लागि लागि भारतीय कम्पनी केईआई इन्ड्रष्ट्रिज लिमिटेडसँग ठेक्का सम्झौता भइसकेको छ। ठेकेदार कम्पनीले भूमिगत वितरण प्रणालीको डिजाइन, समान आपूर्ति, जडान र सञ्चालन गर्ने छ।

## सरकार...

अतिक्रमण गरेर हत्याएका सरकारी जमिन सरकारले फिर्ता ल्याउने अभियान सुरु गरिसकेको बताए । सरकारले उच्चस्तरीय छानबिन मार्फत सरकारी जमिन अतिक्रमण भएको, जालझेल गरेर व्यक्तिगत बनाएको पुष्टि भएको खण्डमा सरकारले कुनै हालतमा फिर्ता ल्याउने बताए । यद्यपी, सुकुम्बासी र भूमिहीनका समस्या समाधानको लागि सरकारले ठोस काम गर्ने उनले बताए।

## बालुवाटार...

सालमा ४८ जना, २०६१ मा २१ जना, २०६६ मा ६६ जना र २०६९ मा ३७ गरी १७२ जनाले किर्ते र ठगी गरेको भन्दै सीआईबीले आरोपितमाथि मुद्दा चलाउनुपर्ने राय गृहलाई दिएको थियो। जाहेरीअनुसार आरोपितहरू अदालतबाट दोषी ठहरिए १० वर्षसम्म कैद, हिनामिना भएको सम्पत्ति जफत, त्यहीबमोजिम बिगो खुले बिगो बराबर जरिवाना हुन सक्छ। यसअघि ललिता निवासको १३६ रोपनी जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले माघ २२ गते गच्छदारसहित ११० जनालाई बिगो र कैद तथा ६५ जनाविरुद्ध जग्गा फिर्ताको मागदाबीसहित विशेष अदालतमा आरोपपत्र दायर गरिसकेको छ।

## कुवेतमा...

पूर्णबहादुर सुनारी मगर र रोल्पाका राजु रोका मगर भएको खुलेको छ। सोही घटनामा परी घाइते दुई जना भने उपचारपछि कम्पनी फर्किएका छन् । घाइते धर्मेन्द्र कुमार साह र मनोरथ मण्डल उपचारपछि कम्पनी फर्किएका हुन् ।

पछिल्ला समय निर्माणलगायतका क्षेत्रको रोजगारीमा जाने नेपालीहरू असुरक्षित बन्दै गएका छन् । गत आर्थिक वर्षमा मात्रै कैयन्ले कार्यक्षेत्रमा भएको दुर्घटनामा परी ज्यान गुमाएका छन्। यस्ता घटना बढ्न थालेपछि वैदेशिक रोजगारीमा जाने नेपालीको सुरक्षामा ध्यान दिन सरोकारावालाहरूले सरकारलाई आग्रह गरेका छन्। राष्ट्रिय मानव अधिकार आयोगले घटनालगत्तै विज्ञप्ति जारी गरेर सरकारको ध्यानाकर्षण गराएको छ।

## भारत...

अनुमतिको छाप लगाउने व्यवस्था अध्यागमन विभागले नगरेकाले नेपाली विमानस्थलमार्फत नै गन्तव्यतर्फ जान आग्रह गरिन्छ।'

विगतमा भारतीय विमानस्थल हुँदै ठूलो संख्यामा घरेलु कामदार खाडीका विभिन्न मुलुकहरूमा तस्करी गरी पठाउने गरिएपछि दूतावासले भारत हुँदै ती खाडी मुलुक जान रोक लगाएको हो । मध्यपूर्वका साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्सलगायत त्यसक्षेत्रका ९ वटा देशहरू भारतीय विमानस्थल प्रयोग गरी जान रोक लगाइएको छ । व्यक्तिगत भिसामा इराक, लिविया र लेवनानदेखि कतार, साउदी यूएई, ओमान र बहराइन जानसमेत भारतीय विमानस्थल प्रयोग हुने गरेको छ ।

## कांग्रेस...

समीक्षा गरेको छ।

राष्ट्रियताको कोणबाट पनि सरकार असफल भएको कांग्रेसको दाबी छ । समीक्षामा भनिएको छ,'कालापनी, लिपुलेक र लिम्पियाधुरालगायतका भू-भाग नेपालका अविभाज्य भूमि हुन्। भारत सरकारले यी भूभाग समेटेर केही महिनाअघि आफ्नो देशको नक्सा जारी गरेको थियो। प्रधानमन्त्री स्वयंले बोलाउनुभएको सर्वदलीय बैठकमार्फत प्रमुख प्रतिपक्षलगायत सबै दल र सिंगो देशको समर्थन यो मुद्दामा सरकारका साथमा रह्यो तर नेकपाको सरकारले न उच्चस्तरीय कुटनैतिक संवाद सार्थक ढंगले गर्यो न कुनै परिणामुखी राजनैतिक पहल। राष्ट्रियताको प्रधान मुद्दामा सरकारको दुई वर्षलाई अन्य कुनै पनि घटनामा भन्दा बढी कालापानी प्रकरणमा बुझ्नुपर्ने हुन्छ, जसमा सम्पूर्ण राष्ट्रिय एकताका वावजुद प्रभावकारी अग्रसरता सरकारले राख्न सकेन । पछिल्लो समय महाकालीवारि सडक खनिदै गरेको समाचार बाहिर आएको छ तर सरकारको प्रतिक्रियासम्म आएको छैन।'

'जनताको अधिकार जनताबाट निर्वाचितले नै हनन् गर्दै फेरि पनि जनताकै नाममा जनतामाथि जनविरोधी शासन गर्ने, तर त्यसको शिरमा 'जनता' शब्द सजाइरहने।' यो भयानक प्रवृत्त्ति आजको कम्युनिस्ट सरकारको मूल प्रवृति भएको छ, कम्युनिस्ट सरकारबाट क्रमशः कम्युनिस्ट शासनतर्फ जो उन्मुख देखिएको कांग्रेसको आरोप छ।

दुई वर्षमा नेकपाको सरकारले एकातर्फ जनविरोधी विधेयकहरुमार्फत संविधान प्रदत्त अधिकार खोस्न उद्दत भएर संविधानमाथि प्रहार बढाएको छ भने अर्कोतर्फ संविधानका प्रति अपनत्वको दायरा बढाउने गरी विभिन्न समुदायका भावना थप गाँस्ने आफ्नै वचनबद्धतालाई पनि अवरुद्ध तुल्याएको कांग्रेसको दाबी छ। अपनत्व विस्तारको प्रश्नलाई 'वार्गेनिङ चिप्स' का रुपमा प्रयोग गरेर कहिले एउटा मधेश केन्द्रित दललाई सरकारमा ल्याउने र पछि बहिर्गमनका लागि बाध्य तुल्याउने र कहिले अर्को दललाई त्यही रणनीतिको सिकार बनाउने काम भएको कांग्रेसको आरोप छ।

शान्ति सुरक्षाका कोणबाट पनि सरकार असफल रहेको दाबी सहित कांग्रेसले भनेको छ,'राजधानी उपत्यकामै पूर्वसचिवकी श्रीमतीको हत्या, वयोवृद्ध पूर्वराजदूतको हत्या, उपत्यकाकै भिन्न दुई स्थानमा दुई बालकको अपहरणपछि हत्या, शृंखलाबद्ध बम विस्फोटमा केहीको मृत्यु।

बितेको दुई वर्षमा राजधानीमै कैयन् हत्या, बलात्कार र लुटपाटका घटना भएका छन् भने देशभरि सयौंको हत्या र कयौंको बलात्कारको विवरण बाहिर आएको छ। सरकारको दुई वर्ष पुरा भएकै साँझ सल्यानबाट खबर आएको छ । १७ वर्षीया युवती कविता बोहराको घाँटी रेटेर हत्या भएको स्थितिमा लास फेला पऱ्यो। जारी आर्थिक वर्ष (०७६/०७७) को यो अवधिसम्ममा ४३४ हत्याको मुद्दा तथा १०७५ वटा बलात्कारको घटनाका मुद्दा दर्ता भएका छन्।'

# नयाँबसपार्क शुद्धीकरण अभियान : ५७ जना पक्राउ

**काठमाडौं/मस-** प्रहरीले गोंगबु नयाँबसपार्क क्षेत्रमा आपराधिक क्रियाकलापमा संलग्न ५७ जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरीवृत्त महाराजगञ्जको टोलीले शनिबार राति चलाएको शुद्धीकरण अभियानमा गेष्ट हाउसका सञ्चालकसहित ५७ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा ४० पुरुष १६ महिला र एक तेस्रोलिङ्गी छन्।

प्रहरीले गेष्ट हाउस सञ्चालन गरेर वेश्यावृत्तिमा लगाउने शिवपुरी गेष्ट हाउसका सञ्चालक विनोद भट्टराई, मुस्ताङ गेष्ट हाउसका सञ्चालक नरेन्द्र पोमु र वाग्लुङ भोजनालयका सञ्चालक सोमबहादुर तामाङलाई पक्राउ गरेको छ। यसैगरी गेष्ट हाउसमा विचौलियाका रुपमा कार्यरत विष्णु थापा, अशोक पोमु र कमल कालाखेतीलाई समेत नियन्त्रणमा लिएको छ। अभियानका क्रममा जबर्जस्ती करणी मुद्दामा फरार अपराधी शनकाजी दर्जी पनि पक्राउ परेका छन्।

वृत्तका प्रमुख, प्रहरी नायब उपरीक्षक उमेश लम्सालले नयाँबसपार्क क्षेत्रको विकृति, विसङ्गति अन्त्यका लागि अभियान चलाएको बताए । वेश्यावृत्ति, पाकेटमार र जबर्जस्ती करणी मुद्दामा फरार व्यक्तिलाई नियन्त्रणका लागि पनि अभियान चाल्नु परेको उनको भनाइ छ।

अभियानका क्रममा प्रहरीले विभिन्न होटल तथा रेस्टुराँबाट १०० लिटर घरेलु मदिरासमेत नष्ट गरेको छ । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले नयाँबसपार्क क्षेत्रलाई आकर्षक क्षेत्रका रुपमा विकास गर्न यहाँभित्र रहेका विकृति विसङ्गति अन्त्यका लागि थप प्रहरी परिचालन गरी अप्रेसन चलाइएको बताए।

महाराजगञ्ज प्रहरीले पाँच महिनाको अवधिमा बसपार्क क्षेत्रमा अनैतिक क्रियाकलापमा लाग्ने झण्डै एक हजार व्यक्तिलाई पक्राउ गरी कारवाही गरिसकेको छ । पक्राउ परेकासँग आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**काठमाडौं डोन वस्को लर्निङ्ग सेन्टर प्रा.लि. कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६४/०६/२९ मा दर्ता भएको प्रा.लि. नं. ४८६९३ को हिमाली ट्राभल सर्भिस प्रा.लि.लाई खारेजी (लिक्वडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७६/०९/२६ को बिशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोही कसैको बाँकी बक्यौता लेनादेना आदि भएमा स-प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर : शम्भु प्रसाद निरौला, इजाजत नं. ३६३**

**भूल सुधार**

मिति २०७६/११/०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा वैदेशिक रोजगारको अवसर शिर्षकको विज्ञापन यस प्रा.लि.को फोन नं.हरु 01-5903079, 01-5903078 हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

All-Solution Employment Service Pvt. Ltd.
Basubdhara-3, Kathmandu, Tel.: 01-5903079, 5903078
E-mail : info@allsolution.com.np, allsolution@gmail.com

**हिमाली ट्राभल सर्भिस प्रा.लि. कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६३/०२/३१ मा दर्ता भएको प्रा.लि. नं. ४६३६५/०६३/०६४ को हिमाली ट्राभल सर्भिस प्रा.लि.लाई खारेजी (लिक्वडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७६/११/०१ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोही कसैको बाँकी बक्यौता लेनादेना आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वडेटरको कार्यालय माइतिघरमा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर : सरोज दहाल, इजाजत नं. ३५३**
**फोन :** ९८५१२११००२, E-mail: sarojdahal33@gmail.com

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **किङ्ग फिसर ओभरसिज प्रा.लि.** (ई.प्र.नं. ५२४) ले आफ्नो साविकको ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.** ०३, लाई परिवर्तन गरी **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं.** १० कायम गर्ने गरी ठेगाना परिवर्तन गर्ने माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविक ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## शीर्ष नेतालाई भीम रावलको चेतावनी

# ‘एमसीसीबारे जथाभावी नबोल्नुस्’



**काठमाडौं/मस–** मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) को विषयमा अध्ययन गर्न गठित कार्यदलका सदस्य भीम रावलले एमसीसीको विषयमा जथाभावि नबोल्न शीर्ष नेताहरुलाई चेतावनी दिएका छन् । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कार्यसमिति बैठकले गठन गरेको कार्यदलका सदस्य रावलले अध्ययन भइरहेको विषयमा जथाभावि नबोल्न चेतावनी दिएका हुन् ।

नेकपाको दोस्रो पूर्ण केन्द्रीय समिति बैठकले गम्भीर विषयमा छलफल गर्ने अधिकार समितिलाई दिएको उल्लेख गर्दै नेकपा स्थायी कमिटी सदस्य समेत रहेका रावलले केन्द्रीय कमिटीको कार्यादेश विपरित कुनै पनि व्यक्तिले अन्यथा कुरा गऱ्यो भने त्यो औचित्यहिन हुने बताए ।

केन्द्रीय समितिले दिएको अधिकार अनुसार आफुहरुले एमसीसी सम्झौता र योसँग जोडिएका विषयमा छलफल भइरहेको भन्दै एमसीसीका सम्बन्धमा निर्णय सुनाउने अधिकार केन्द्रीय कमिटीले कसैलाई नदिएको उनले बताए । उनले भने, ‘नेकपाको पूर्ण बैठकबाट कार्यदल गठन हुने निर्णय बमोजिम गम्भीर विषयमा छलफल गर्ने कार्यादेश प्राप्त भएको छ । कार्यादेशलाई कुनै पनि व्यक्तिले अन्य अर्थ लगाएर कुरा गऱ्यो भने त्यो औचित्यहित हुन्छ ।’

कार्यदलले समेत छलफलको समयमा सार्वजनिक अभिवयक्ति नदिने विषयमा आचारसंहिता बनाएको उनले बताए । कार्यदलले सुझाव र निष्कर्षसहित प्रतिवेदन बुझाउने भएकाले केन्द्रीय समितिको कार्यादेश विपरित अभिव्यक्ति दिनु भनेको केन्द्रीय कार्यसमितिको अपमान गरेको ठहरिने उनले बताए ।

रावलले संसदमा प्रस्तुत भएका बाहेक अन्य दर्जन भन्दा बढी सम्झौताहरु पनि कार्यदलले फेला पारेको खुलासा गरेका छन् । अहिलेसम्म संसदमा प्रस्तुत भएको बाहेक दर्जन बढी सम्झौता फेला परेको र अझै अरु पनि हुन सक्ने उनले बताए । संसदमा प्रस्तुत भएको बाहेक अन्य सम्झौताहरुको विषयमा आचारसंहिताका कारण बोल्न नमिल्ने उनले बताए ।

कार्यदलको सयम १० दिनका लागि थप गरिएको छ । ‘थपिएको १० दिनमा प्रतिवेदन तयार हुन्छ ?’ भन्ने प्रश्नमा, रावलले सम्झौताहरुको अध्ययन गर्नुपर्ने भएकाले समथ थप गरिएको र तोकिएको समयभित्रै प्रतिवेदन तयार हुने विश्वास व्यक्त गरे । पहिले जानकारीमा नआएका कुराहरु पनि अध्ययनका क्रममा आएकाले समथ लागेको उनको भनाइ छ ।

## सरुवा–बढुवामा नेता नगुहार्नुस् : मन्त्री बाँस्कोटा



**काभ्रे/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले शिक्षकलाई सरुवा-बढुवामा ‘घरपायक’ बनाउन नेता तथा जनप्रतिनिधि नगुहार्न आग्रह गरेका छन् । उनले आइतबार बनेपा नगरपालिका-३ सुमारास्थित प्रभात आधारभूत विद्यालयको ३८औं वार्षिकोत्सव तथा नवनिर्मित दुईतले छ कोठे भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षक सुरुवा-बढुवामा नेता तथा जनप्रतिनिधि र आफूलाईसमेत नगुहार्न आग्रह गरेका हुन् ।

मन्त्री बाँस्कोटाले भने, ‘ अब शिक्षकको समायोजनको बेला आएको छ, आफू र आफ्ना मान्छे शिक्षक भए सरुवा-बढुवामा कसैलाई भेटेर हैरान पार्ने हैन, जहाँ विद्यार्थी त्यहाँ शिक्षक हुनुपर्छ ।’ उनले आफ्नो मान्छे कहाँ पऱ्यो भनेर निगरानी गरेर नहिँड्न पनि शिक्षक युनियन, संघ र संगठनलाई सुझाव दिए ।

मन्त्री बाँस्कोटाले स्थानीय तहका जनप्रतिनिधिलाई शिक्षकको सरुवा-बढुवामा चासो नदिनसमेत आग्रह गरे । ‘शिक्षकलाई सरकारले सुविधासहित पारिश्रमिक दिएपछि समायोजनका आधारमा अभावको स्थानमा जाने र विद्यालयमा शिक्षाको स्तर बढाई असल नागरिक जन्माउनुपर्छ, यो उहाँहरुको कर्तव्य पनि हो,’ उनले भने । ‘घरपायक’ मात्रै भनेर संघ-संगठनको नाममा आन्दोलन गरेर ‘पुल्ठो झोस्न’ नहुने उनको तर्क थियो ।

मन्त्री बाँस्कोटाले दुर्गम जिल्लाका विद्यार्थीले कठिनाइपूर्वक अध्ययन गरिरहेको स्मरण गर्दै संघ-संगठन मिलेर शिक्षकलाई शहरकेन्द्रित नबनाउन आग्रह गरे । उनले भने, ‘अन्यभन्दा शिक्षण सुखी पेशा हो, अविभावकको विश्वास जित्नेगरी राम्रो, ज्ञानी, असल र मेहनती जनशक्ति उत्पादन गर्नुपर्छ ।’ नयाँ शिक्षा नीति आउने तर्खरमा रहेको उल्लेख गर्दै विद्यालयलाई संसार चलाउने दिमागको सर्वश्रेष्ठ प्रयोगशाला बनाउनुपर्ने उनको धारणा थियो ।

उनले आइतबार नै बनेपा नपा-३ वडा कार्यालय भवनको शिलान्यास गर्दै निर्माण व्यवसायीलाई तोकिएको समयमा काम नभए पैतृक सम्पत्तिबाट असुलउपर हुने र समयसीमाअघि निर्माणसम्पन्न गरे १० प्रतिशत थप्ने कानून पास गरिसकिएको बताए । उनले वर्तमान सरकारअघि ९७ हजार मात्रै घर पुनर्निर्माण भएकामा हाल चार लाख ८२ हजार आवास निर्माण भइसकेका बताए । ‘सरकारको काम तीव्र गतिमा अघि बढिरहेको छ, प्रधानमन्त्रीको ‘सुखी नेपाली, समृद्ध नेपाल’को सपनाका लागि अझै धेरै काम गर्न बाँकी छ,’ उनले भने । उनले आइतबार बनेपा-३ स्थित नन्दीमाता नदीमा नवनिर्मित पुलको समेत उद्घाटन गरे ।

## चोरी भएका ५ मोटरसाइकल बरामद



**काठमाडौं/मस–** काठमाडौंको बालाजु र थानकोटबाट चोरी भएका मोटरसाइकलहरु काठमाडौं र धादिङका बिभिन्न स्थानबाट बरामद गरी ट्राफिक प्रहरीले सार्वजनिक गरेको छ । महानगरिय ट्राफिक प्रहरी महाशाखाले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी चोरी भएका मोटरसाइकल र चोरीमा संलग्न केही व्यक्तिलाई पक्राउ गरेको जानकारी दिएको हो ।

प्रहरी उपरीक्षक तथा महानगरिय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता जीवनकुमार श्रेष्ठले मोटरसाइकल हराएको उजुरी परेपछि अनुसन्धानका क्रममा काठमाडौं र धादिङका विभिन्न स्थानबाट चारवटा मोटरसाइकल फेला पारेको बताए । उनले मोटरसाइकल चोरी गरी कारोबारमा संलग्न तथा प्रयोग गर्नेलाई समेत पक्राउ गर्न सफल भएको बताए ।

प्रहरी उपरिक्षक श्रेष्ठले फेला पारेका मोटरसाइकलहरु थानकोट तथा बालाजु क्षेत्रबाट हराएको बताए । मोटरसाइकल चोरी गरी फरक नम्बर प्लेट राखेर प्रयोग गरिरहेको अवस्थामा बरामद भएको उनले बताए ।

## कालिकोटको राडुनेटामा गाडी पुग्दा स्थानीयवासी खुसी

**कर्ण कुमाल/मध्यान्ह**
कालीकोट, ४ फागुन

कालिकोटको पलाता गाउँपालिकाको थिर्पुदेखि राडुनेटा सम्मको ११ किलोमिटर सडकमा गाडी पुगेको छ । स्थानीय तहको निर्वाचनपछि स्थानीय तहमा गाडी संचालन गर्ने पलाता गाउँपालिका पहिलो गाउँपालिकाको रुपमा चिनिएको छ । स्थानीय तहको बजेटबाट गाउँपालिकाले २ वटा गाडी संचालन गरेको हो । पलाता गाउँपालिकाको अस्थाई केन्द्र थिर्पुदेखि राडुनेटा अबदेखि सहज रुपमा गाडी संचालन हुने भएको छ । गाँउपालिकाले जनयुद्ध दिवसका अवसरमा पलातामा साझा यातायात संचालन गर्ने लक्ष्य सहित गाडी पुऱ्याएको हो ।



गाउँपालिकाका अध्यक्ष लक्ष्मण बहादुर बमले जनताका सामु आफूले गाडी पुऱ्याउने वाचा गरे अनुसार नै गाडी पुऱ्याएको बताए । अध्यक्ष बमले भने ‘कर्णालीमा पुल थिएन तर पनि गाडी राडुनेटा पुऱ्याएका छौं, हामी खुसी छौं ।’ गाडी पुगेकोमा स्थानीयवासी पनि निकै हर्षित भएको अध्यक्ष बमले जानकारी दिए ।

कर्णाली नदिमा न पुल छ नत फेरी नै तर पनि गाउँपालिकाले तेलका खालि ड्रममाथि काठ बाँधेर काठमाथि गाडी राखेर दुईवटा गाडी लगेको थियो । पलातामा हालसम्म करिब १५ करोड बराबरको लगानीमा २९ किलोमिटर सडक गाडी गुडाउन सकिने गरी ट्र्याक खोलिएको छ । गाँउपालिका स्थित बेल्के ढुंगा, मोहर, सैन, पुलाहा हुँदै राडुनेटा जोड्ने सडकको ११ किलोमिटर, थिर्पु बेरसैनकोट सडक खण्डको ५ किलोमिटर, ओदी काँध छलाँहा सडक खण्डको ११ किलोमिटर र सैन हुँदै गाँउपालिकाको केन्द्र लोहोडे सडक खण्डको २ किलोमिटर सडकमा गाडी चलाउन सकिने गाउँपालिका अध्यक्ष बमले बताए । यसले पलाताका ८० प्रतिशत घरधुरीहरुलाई यातायात सेवा उपलब्ध हुनेछ ।

गाउँपालिकाले सुरुवातमा चार वटा गाडी खरीद गरी २ वटा जुम्लाको ओदीदेखी पलाताको खीनको जाँफ्यसम्म सञ्चालन गर्ने र २ वटा गाडी पलाता गाउँपालिका थिर्पुदेखी राडुनेटासम्म संचालन गरिने छ ।

## भूपू गोर्खा सैनिकहरुद्वारा अनसन बस्ने चेतावनी




**काठमाडौं/मस–** भूतपूर्व ब्रिटिस गोर्खा सैनिकहरुले एक महिनाभित्र आफ्ना मागहरु पूरा नभए आमरण अनसन सुरु गर्ने चेतावनी दिएका छन् । बेलायत सरकारले समान व्यवहार नगरेको, सेवाको स्वच्छ मुल्यांकन नभएको र मानविय व्यवहार समेत नगरेको भन्दै लामो समयदेखि संघर्षरत भूपू गोर्खा सैनिकहरुले एक महिनाभित्र आफ्ना मागहरु पूरा गर्न चेतावनी दिएका हुन् ।

आइतबार राजधानीमा पत्रकार सम्मेलन गर्दै भूपू गोर्खा सैनिकहरुले समान पेन्सन सेवा, नेपालमा बेलायत सरहकै निःशुल्क स्वास्थ्य सुविधा, कटौती तथा मारमा परेका सबैलाई चित्तबुझ्दो क्षतिपूर्ति, बयस्क छोरा–छोरीहरुलाई बेलायतमा निशर्त आवासिय भिसा दिनुपर्ने माग गर्दै आमरण अनसनको चेतावनी दिएका हुन् ।

विधवाहरुको समान पेन्सनको व्यवस्था हुनुपर्ने, भूपू गोर्खा सैनिकहरुको स्वाभिमान, राष्ट्रियता, मानव अधिकार र सम्मानको अनुभूत गर्नेगरी मागहरु पुरा गर्न नेपाल सरकार र बेलायत सरकारलाई माग गरिएको भूतपूर्व ब्रिटिस गोर्खा सत्याग्रह संयुक्त संघर्ष समितिका प्रमुख संयोजक कृष्ण बहादुर राईले बताए ।

भूपू गार्खा सैनिकहरुले मार्च १५, २०२० सम्मको समयसीमा भित्र दुबै देशले वार्ता समिति गठन गरी वार्ताको सुरुवात गर्ने विश्वास लिएका छन् । उक्त समयसम्म आफ्ना मागहरुका विषयमा गम्भीर नभए आमरण अनसनका साथै मुद्दाहरु लिएर राष्ट्रिय तथा अन्तर ाष्ट्रिय निकायमा जाने चेतावनी समेत दिएका छन् ।

## घुस लिएको अभियोगमा मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महानगरीय प्रहरी परिसर ललितपुरमा दर्ता भएको सामूहिक करणीसम्बन्धी मुद्दा मिलाइदिन्छु भनी घुस लिएको अभियोगमा तत्कालीन प्रहरी सहायक निरीक्षक उमेश केसीविरुद्ध विशेष अदालतमा आइतबार मुद्दा दर्ता गरेको छ ।



करणी मुद्दाका प्रतिवादीको पुर्पक्षाका लागि कारागारमा रहेको अवस्थामा बकपत्रको समयमा पीडितलाई समेत बयान मिलाइदिने भनी घुस मागेको पाइएको आयोगले जनाएको छ । आयोगले प्रहरी सहायक निरीक्षक केसीविरुद्ध रु ६० लाखको बिगो कायम गरी मुद्दा दायर गरेको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकृत शालिकराम खनालको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको अभियोगमा विशेष अदालतमा आइतबार मुद्दा दायर गरिएको छ । आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार अधिकृत खनालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी लाभ लिएको समेत पाइएकाले मुद्दा दायर गरिएको हो ।

यस्तै आयोगले चम्पादेवी प्राथमिक विद्यालय ओखलढुङ्गामा कार्यरत तत्कालीन शिक्षक खेटराज बरालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवा गरेको र सरकारी सुविधा लिएको आरोपमा आइतबार नै मुद्दा दायर गरेको छ ।

यसैगरी आयोगले आइतबा नै साझा प्रकाशनमा कार्यरत सहायक चतुर्थ तहका कुवेरप्रसाद उपाध्यायविरुद्ध समेत विशेष अदालतमा मुद्दा दायर गरेको छ । उपाध्यायले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरेको र पदोन्नतिसमेत भएको पाइएको आयोगले आरोप लगाएको छ ।

## विप्लव समूहका जिल्ला सेक्रेटरी पक्राउ

**काठमाडौं/मस–** नेत्रविक्रम चन्द ‘विप्लव’ समूहका सिन्धुपाल्चोक जिल्ला सेक्रेटरी भुवनसिंह तामाङलाई प्रहरीले पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय धुलिखेलको गस्ती टोलीले धुलिखेल नगरपालिका-७ सरस्वती बजारबाट शुक्रबार बेलुका पक्राउ गरिएको हो ।

सरस्वती बजारमा शङ्कास्पद रुपमा फेला पारेको र सोधपुछको क्रममा होहल्ला गरी स्थानीयबासिन्दालाई असर पर्ने गरी अपशब्द प्रयोग गर्दै गस्तीमा खटिएका प्रहरीमाथि अभद्र व्यवहार गरेपछि पक्राउ गरिएका तामाङ चन्द समूहका जिल्ला सेक्रेटरी भएको प्रहरीले जनाएको छ । मेलम्ची नगरपालिका-९ का तामाङलाई अभद्र व्यवहारअन्तर्गत कारवाही हुने जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी प्रमुख रविकुमार पौडेलले बताए ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com








राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# अफवाहले आंतक

सन् २०१९ को डिसेम्बरबाट देखिएको फ्लू (कोरोनाभाइरस, जसलाई कोडिभ-१९ नाम दिइएको छ) को संक्रमणबाट आइतबार साँझसम्म १६६९ जनाको मृत्यु भएको चिनियाँ सञ्चार माध्यमहरूले जनाएका छन् । चीनको हुबेई प्रान्तबाट फैलिएको प्रकोपबाट हङकङ, फिलिपिन्स र फ्रान्समा एक–एकको मृत्यु भएको छ । चीन बाहिरका मुलुकमा मृत्यु भएका पनि चीनकै नागरिक रहेको खुलेको छ । आइतबार साँझसम्म ६९ हजार बढीलाई यो संक्रमण देखिएको छ ।

चिनियाँ राष्ट्रपति सी जिनफिङले कोरोनाभाइरस विरूद्ध जनयुद्धकै घोषणा गरेका छन् । चीनको २२ प्रान्त र २५ देशमा फैलिसकेको संक्रमणले महामारीकै रूप लिए पछि राष्ट्रपति सीले जनयुद्धको घोषणा गरेका हुन् । राष्ट्रपति सीले जनयुद्धको घोषणा गर्नुको अर्थ कोरोनाभाइरस विरूद्ध सम्पूर्ण राज्य संयन्त्र लगाइएको बुझ्नुपर्छ । हुन पनि कोरोनाभाइरसबाट एक जना चिकित्सक कै मृत्यु भइसकेको छ भने दुई हजारको हाराहारीमा यसका संक्रमित भेटिएको छ । चीन सरकारले कोरोनाभाइरस रोक्न हवाई, रेल र सडक यातायात ठप्प बनाएको छ भने राज्य संयन्त्रलाई सम्पूर्णमा परिचालन गरेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) ले लिएको उदार नीति पछ्याउँदै विश्वभर चिनियाँ पुगेको र चीनमा विश्वका लाखौं रहेकाले कोरोनाभाइरस विश्वब्यापी रूपमा प्रमुख समस्या देखिएको छ । विश्व स्वास्थ्य संगठनले स्वास्थ्य संकटकाल घोषणा गर्नु र राष्ट्रपति सीले जनयुद्ध नै भन्नुले कोरोनाभाइरसको माहामारी नियन्त्रण कठिन परेको बुझ्न सकिन्छ । नेपाल चीनकै छिमेकी भएको र थुप्रै संख्यामा नेपाली चीनमा रहनु तथा चिनियाँहरू पनि नेपालमा रहेकाले यहाँको प्रमुख चासोका रूपमा कोरोनाभाइरस देखिनु सामान्य नै हो ।

शनिबार दिउँसो ४ बजे नेपाल एयरलाइन्सको ३३०–२०० वाइडबडी त्रिभुवन विमानस्थलबाट उडेदेखि आइतबार बिहान ३:३८ बजे १७५ नेपाली ल्याएर खरिपाटी पुऱ्याएसम्मको खबर सञ्चार माध्यम, सामाजिक सञ्जालदेखि सार्वजनिक मञ्चहरूमा महत्वका साथ देखियो । यसको अर्थ नेपालमा कोरोनाको सन्त्रास असमान्य देखिन पुगेको छ । यसले सम्पूर्ण समाजलाई तरंगित र सन्त्रस्त बनाएको छ । अहिलेसम्म कोरोनाभाइरसकै कारण नेपालीमा भने यति ठूलो समस्या नदेखिए पनि कोरोना आतंक सर्वत्र देखिन्छ । पक्कै पनि फ्लुबाट सचेत हुनैपर्छ । किनभने, हावामा दौडिने फ्लूले जुनसुकै बेला महामारीको रूप लिन सक्छ । अझ नेपालजस्तो साधनस्रोतको प्रचुर अभाव खेपिरहेको देशमा नियन्त्रण सजिलो देखिन्न । तर, यसको अर्थ आतंकित हुने होइन । जसरी कोरोना आतंक फैलिएको छ, यसको ठाउँमा सचेतता आवश्यकता छ । सरोकारवाला र जिम्मेवार निकायबाटै आतंकित हुने बातावरण बनाउनु गैरजिम्मेवारीपन हो ।

## सामाजिक सञ्जाल



प्रधानमन्त्रीले सुचकहरूमार्फत आर्थिक वृद्धि र प्रगतीबारे जानकारी गराएपछि सोरहखुट्टेको बाटोमा धुलो भएको र मेरो घरमा बत्ति नआएको जस्ता प्रश्न र गुनासोमा प्रतिपक्ष दल सिमित भएको देख्दा चाहिँ लाग्यो–देश बन्दै रहेछ ।

- प्रकाश तिम्सिना




कोरोना सोरोना बेकारको हाउगुजी हो, कहिले इबोला, कहिले प्लेग, कहिले स्वाइन फ्लू, कहिले बर्ड फ्लू भनेर समाजमा त्रास फैल्याउने गरिन्छ, त्यस्तो हल्लाको सुनामी हिमाली गणराज्य नेपाल आईनपुगी उताउतैबाट हराउँछ ।

– मुकुन्द घिमिरे



राजकीय भूमिकामा नेता प्राविधिक हिसाबले असफल हुन सक्छन् । यो कुनै ठूलो कुरा होईन । तर ठाडो असफलतालाई नेताले जब भयंकर सफलता भनेर ढिपी कस्छन्, प्राविधिक असफलता राजनीतिक असफलतामा बदलिन्छ, र नेताको राजनीतिक छवि र भविष्य थाहै नपाई रसातलमा पुग्दछ । २ वर्षे उपलब्धिबारे संसदमा प्रमको संबोधन

– सूर्यराज आचार्य



देशमा लोक कल्याणकारी राज्य देख्न चाहने युवाहरू बारम्बार मलाई सोध्छन्, खतरा कहाँ छ ? जवाफ दिन्छु, खर्चालु निर्वाचन र अझ जनप्रतिनिधि तहको भ्रष्टाचारमा छालोकतन्त्रलाई चाहिने संस्थाहरू निर्माण नगरी हामी नेतृत्वमा कार्यकर्ता भर्ती गरिरहेछौँ ।

– दमननाथ ढुंगाना

# संकटमा परेको वैदेशिक रोजगार व्यवसाय



■ ख्यामनारायण मानन्धर

"वैदेशिक रोजगार ऐन २०६४ को दफा ७४ को उप दफा २ ले नेपाल भित्र शाखा कार्यालय खोल्न पाउने गरेको व्यवस्था र सोही नियमावली २०६४ को दफा ४७ ले उपदफा २ ले भने ५ लाख धरौटी राखी कानुन सम्मत ढंगले कार्य सम्पादन गर्ने कुरा सुनिश्चित गरे शाखाको काम गर्न दिने व्यवस्था गरेको पाइन्छ ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ७४ ले गरेको व्यवस्था अनुसार मेनपावर कम्पनीहरुले स्वदेशमा तथा विदेशमा शाखा खोल्ने र प्रतिनिधि (एजेन्ट) नियुक्ति सम्बन्धी गरेको व्यवस्थामा मौजुदा कानुनको केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा शाखा खोल्न पाउने व्यवस्थालाई यथास्थितिमा राखी एजेन्ट नियुक्तिको विषयलाई भने हटाएको गरेको छ । अर्थात तत्कालिन अवस्थाको एजेन्ट राख्ने कानुनी आधार र अधिकार अब मेनपावर कम्पनीहरुलाई छैन । जसका कारण उक्त दफा ७४ को उप दफा ३ मा गरेको व्यवस्था स्वतः निश्प्रवाही हुने छ । अबका दिनमा कुनै पनि एजेन्टहरुले धरौटी राखी इजाजत पत्रवाला कम्पनीको स्वीकृतिमा काम गर्न पाउने भन्ने छैन । उक्त व्यवस्थाले दफा ४८ को प्रतिनिधी (एजेन्ट) नियुक्ती सम्बन्धी व्यवस्थालाई निलम्बन गरेकाले सो पछिका अन्य सरोकार व्यवस्था स्वतः खारेजीमा परेको छ । उक्त दफाको उपदफ ५ को उपनियम ४ ले भने विदेशमा प्रतिनिधि नियुक्तिका लागि व्यवस्था गरेको र नियुक्ति भएका व्यक्तिसँग २ लाख नगद धरौटी र थप केहि शर्तहरु पनि लागू गरेको छ ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ७४ को उप दफा २ ले नेपाल भित्र शाखा कार्यालय खोल्न पाउने गरेको व्यवस्था र सोही नियमावली २०६४ को दफा ४७ ले उपदफा २ ले भने ५ लाख धरौटी राखी कानुन सम्मत ढंगले कार्य सम्पादन गर्ने कुरा सुनिश्चित गरे शाखाको काम गर्न दिने व्यवस्था गरेको पाइन्छ । साथै सोही नियमावली दफा ४७ को २ (क) ले थप गरेको व्यवस्थामा कानुन पालना नगरे धरौटी जफत गरी कारवाही हुनेछ भनिएको छ ।

उल्लेखित विषय वस्तुका अतिरिक्त नेपाल सरकारले वैदेशिक रोजगारीमा रहेका केहि मुख्य गन्तब्य मुलूकहरुसँग श्रम सम्झौता पनि गरेको छ । नेपाल सरकारले हालसम्म ११० वटा देशमा वैदेशिक रोजगारीका लागि खुला गरिएका छन् भने कतार, युएई, जापान, दक्षिण कोरिया, बहराइन, इजरायल, जोर्डन र मलेसियासहित ८ देशहरुसँग मात्र दुईपक्षिय सम्झौता भएको छ । विशेषगरी खाडी देशहरुमा नेपाली कामदारहरु आपूर्ति गर्नका लागि शून्य लागतको व्यवस्था र अधिकतम १० हजारको सेवा शुल्क तय गरिएको छ ।

मौजुदा कानुनहरु अभ्यासरत रहँदाको अवस्थामा सरकारले मेनपावर व्यावसाय सञ्चालनका लागि भाद्र १८ बाट लागु हुने गरी धरौटी खण्डिकृत रुपमा २ करोडदेखि ६ करोड रुपैयाँसम्म राख्नुपर्ने व्यवस्था गरिएको छ । यद्धपि यो धरौटी चलायमान हुन सक्ने पनि छ । उल्लेखित तोकिएको धरौटी राखेर काम गर्न नसक्ने भएमा उक्त धरौटी न्यूनतम २ बर्षका लागि फ्रिज हुन रहन सक्ने छ ।

त्यतिमात्र होइन सम्पती शुद्धिकरण, अख्तियार दुरुपयोग आयोग र महालेखा परीक्षणको कार्यलयबाट पनि वैदेशिक रोजगार व्यवसायलाई हेर्ने दृष्टिकोण र धारणा नकारात्मक पाइन्छ । यसको अतिरिक्त कुनै पनि मेनपावर कम्पनीहरुले फगत राजधानीमा केन्द्रीत कार्यालय स्थापना गरेर सरकारले तोकेको मापदण्डभित्र मौजुदा ऐन कानुको पालना गर्दै यो पेशालाई इमान्दारिताका साथ पालना गर्छु भनि जो कोहिले भन्छन भने त्यो आफ्नो खुट्टामा आफैले बन्चरो हान्नु सरह हो । बाँच्नका लागि संघर्ष भन्ने दार्शनिक डार्विनको सिद्धान्त पनि फेल खान्छ वर्तमानको वैदेशिक रोजगार ऐन कानुनको प्रतिशोध पूर्ण व्यवस्थाले, लाग्छ मर्नैका लागि संघर्ष गरेजस्तो ।

